# **साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०७७**

**पृष्ठभूमिः** भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशले कोभिड-१९ को प्रभावबाट गाऊ फर्केका युवाहरुलाई कृषि कार्यमा अभिप्रेरित गरी कृषिका बिभिन्न कार्यक्रम मार्फत सेवाटेवा प्रवाह गर्ने अभिप्रायले स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड बिशेष कृषि कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अन्तरगत कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रमलाई उक्त कार्यविधिको अधिनमा रही थप प्रभावकारी रुपमा सञ्चालन गर्न साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०७७ ल्याईएको हो।

१, प्रारम्भः (क) यो मापदण्डको नाम "साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड, २०७७" रहेकोछ।

(ख) यो मापदण्ड नगर कार्यपालिकाको बैठकले निर्णय गरी सकेपछि लागु हुनेछ।

२, परिभाषाः यस मापदण्डमा उल्लेख गरिएका बिषयहरूको अर्थ एवम् परिभाषा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशले लागु गरेको स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड बिशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम हुनेछ।

३, उद्देश्यः यस मापदण्डको उद्देश्य कोभिड बिशेष कृषि कार्यक्रम सम्बन्धी व्यवस्था भएका कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पु-याउनु रहेको छ।

४, कार्यक्रम कार्यान्वयन प्रकृयाः

४.१,साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रम कार्यान्वयनका लागि अनुदानग्राही छनोट गर्दा निम्न मापदण्ड अबलम्बन गर्नु पर्नेछः

(क) नगरपालिकाले कम्तिमा १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरी अनुदानग्राहीहरूलाई निवेदन पेश गर्न लगाउने।

(ख) तोकिएको ढाँचा बमोजिम अनुदानग्राहीहरुबाट प्रस्ताव आह्वान गर्ने।

(ग) पेश भएका निवेदनहरू छानविन गरी देहायको आधारमा मूल्याङ्कन गर्ने।

(अ) कोभिड प्रभावित भै गाँउ फर्केका बेरोजगार युवा भए १० (दश) अंक ( राहदानीको फोटो कपी र क्वारेन्टाइन बसेको प्रमाण पेश गर्नुपर्ने)।

(आ) व्यक्तिको हकमा दुई रोपनी र समूहको हकमा बीस रोपनी भन्दा माथी खेती योग्य जग्गा भए १० (दश) अंक (जग्गा धनी प्रमाण पत्र र भाडा भए संझौताको फोटोकपी पेश गर्नु पर्ने)।

(इ) व्यवसायिक रुपमा फर्म दर्ता गरि कृषि कार्य गरेको भए १० (दश) अंक (दर्ता प्रमाण पत्रको फोटो कपी पेश गर्नुपर्ने)।

(ई) समूह, सहकारी गठन गरी संयुक्त रुपमा कृषि कार्य गरेको भए २० (बीस) अंक (कार्य समितिको निर्णय पेश गर्नुपर्ने)।

(उ) सम्बन्धित वडाको स्थायी वासिन्दा भए ५ (पाँच) अंक (नागरिकता प्रमाण पत्रको फोटोकपी पेश गर्नुपर्ने)।

उल्लेखित विवरण पुष्टि हुने कागजात सहित सबै व्यहोरा खुलेको वडाको सिफारिस गर्नु पर्नेछ।

५, अनुदान प्राप्तीका लागि सम्बन्धित वडाले स्पष्ट विवरण खुलाई सिफारिस गर्नुपर्नेछ।

६, यो मापदण्ड बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कुनै समस्या वा द्विविधा भएमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

**निवेदनको ढाँचा**

मितिः-............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची।

बिषयः- अनुदान सम्बन्धमा।

महोदय,

प्रस्तुत बिषयमा त्यस कार्यालयको मिति २०७७। । गते प्रकाशित सूचना बमोजिम म/हामी स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड बिशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार साना कृषि औजार तथा यन्त्र उपकरण कार्यक्रम अनुदान कार्यक्रममा सहभागी भै कार्य गर्न चाहेको हुँदा तपसिलका कागजात सहित प्रस्ताव पेश गरेको छु/छौ।

तपसिलः-

(१) तोकिएको ढाँचा बमोजिमको प्रस्ताव
(२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
(३) वडा कार्यालयको सिफारिस
(४) संस्था दर्ताको प्रमाण पत्र
(५) कार्य समितिको निर्णय
(६) कर चुक्ताको प्रमाण पत्र

निवेदकः-
हस्ताक्षरः-
नामः-
ठेगानाः-
फोन नं.

## साना किसान औजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रमको प्रस्ताव

प्रस्ताव पेश गर्नेको नामः-

ठेगानाः-

सम्पर्क नं.

१,पृष्ठभूमीः-

२,औचित्य/आवश्यकताः-

३,उद्देश्यः-

४,कार्यक्रम सञ्चालन हुने स्थानः-

५, माग गरेको कार्यक्रमः-

६,कृषक/संस्थाको तर्फबाट व्यहोर्ने लगानीको स्रोत र रकमः-

७, नगरपालिकाको तर्फबाट व्यहोर्ने रकमः-

८,कृषि कार्यक्रमको लागि प्रयोग हुने जग्गाको क्षेत्रफल, जग्गाको अवस्था र काम गर्ने जनशक्ति विवरणः-

९, वार्षिक अम्दानी र खर्चको अनुमानित विवरणः-

१०,लाभान्वित परिवार र जनसङ्ख्या विवरणः-

११,अनुदान प्राप्ती पछि हुने परिवर्तनः-

१२,अनुदान प्राप्ती पछि स्थायित्व हुने ग्यारेण्टि/प्रतिवद्धताः-

नामः

हस्ताक्षरः